नेपाल सरकार
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय
## जाजरकोट
**(दोस्रो पटक प्रकाशित मिति २०७३।११।१८गते)**

श्री सर्वउद्धार/ फेन्डस जे.भी.
(प्रो.श्री हरि बहादुर लामा र प्रो श्री पुष्पराज बजगाई)
काठमाण्डौं म.न.पा.३५, कोटेश्वर काठमाण्डौं ।

विषय:- **सम्झौता समाप्तगरी कालो सुचिमा राख्न सिफारिस किन नगर्ने सम्वन्धमा**

प्रस्तुत विषयमा सर्वउद्धार निर्माण कम्पनी र फ्रेन्डस कन्सक्सन कम्पनी विचको सयुक्त उपक्रम त्यस जे.भी. र यस कार्यालय विच मिति २०६९।०३।२५ मा ठे.नं. RTISWap/NCB/W/MB/JAJARKOT/DDC/08/068/069 मा सम्झौता भई यस जिल्ला स्थित मोर्क खोला सडकपुल निर्माण कार्य लामो समयदेखि कार्यसूची (Work-Schedule) अनुसारको कार्य नभएको सम्वन्धमा यस कार्यलयवाट मिति २०७३।११।३ गते नया पत्रिका दैनिकमा प्रकासित सुचना अनुसार मुख्य साझेदार सर्वउद्धार निर्माण कम्पनीको तर्फवाट २०७३।११।५ मा पेश गरेको निवेदन वमोजिम उत्त कम्पनी प्रारम्भ देखीनै जे भी प्रकृयामा सहभागि नभएको , फेन्डस कम्पनीले आफ्ना कागजपत्रहरु प्रयोग गरेको हुन सक्ने र उक्त निर्माण कार्यको दायित्ववाट अलग गराइ पाउन निवेदन दिइ निर्माणकार्यको दायित्ववाट विमुख हुने गरी गैरजिम्मेवारपुर्ण जवाफ पेश हुन आएको । अर्को साझेदार फेन्डस कन्सट्क्सन कम्पनीले जे भी को लेटरप्याडमा नभइ सादा कागजमा निवेदन दिइ आफ्ना प्रतिनिधी काली बहादुर वुढा लामो समयदेखी सम्पर्कमा नआएको र हाल सम्पर्कमा आइ विरामीको अवस्थामा रहेकोले करिव १ महिना पछिमात्र सम्पर्कमा आउने जवाफ औचित्यपुर्ण तथा सन्तोषजनक नभइ ढिलाइ गर्ने र काम पुरा नगर्ने मनसाय रहेको । अत : यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र वैधानिक हैसियतमा उचित र पर्याप्त तथ्यगत कारण सहित कार्यसम्पादन जमानत , पेश्की जमानतको पर्याप्त म्याद भएको वैक जमानत पत्रहरु लिइ निर्माण कार्यस्थलमा त्यहाको प्रतिनिधि, कामदार , निर्माण सामाग्री तथा उपकरण सहित उपस्थित भइ कार्य सुरु गरेको जानकारी यस कार्यालयलाई गराउनु हुन सुचित गरिन्छ । अन्यथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ५९(२) तथा (३) बमोजिम निर्माणकार्यको सम्झौता अन्त्यगरी ऐनको दफा ६३ तथा नियमावलीको नियम १४१ बमोजिम कालोसुचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यलयमा सिफारिस गर्ने निर्णय गरिने व्यहोरा जानकारी गराइन्छ ।

बोधार्थ :
श्री कालीवहादुर वुढा , कुडारी ८ जुम्ला

(रुद्रप्रसाद पण्डित)
स्थानिय विकास अधिकारी